**प्रेस विज्ञप्ति**

# (राष्ट्रिय जनसंख्या नीति मस्यौदा सम्बन्धमा विज्ञ तथा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा सुझाव संकलन कार्यक्रम)

२०८१ मंसिर महिनाको २६ गते बुधबार राष्ट्रिय जनसंख्या नीति, २०७१ परिमार्जन गर्ने सन्दर्भमा माननीय मन्त्री प्रदिप पौडेलको नेतृत्वमा, स्वास्थ्य तथा जनसंख्या सचिव श्री हरिप्रसाद मैनालीको अध्यक्षतामा वृहत अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।नेपालको संविधान बमोजिम राज्यको नयाँ संरचना, राष्ट्रिय जनगणना, २०७८ को नतिजा, जनसंख्या सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धता र जनसंख्या क्षेत्रमा देखिएका नवीनतम् प्रबृत्तिलाई समेटी नयाँ जनसंख्या नीतिको निर्माणको आवश्यकता रहेकोले सरोकारवाला सबैसँग छलफल तथा परामर्श गरी उक्त नीति निर्माणलाई दिशानिर्देश गर्ने कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा परिमार्जित जनसंख्या नीतिको मस्यौदा उपर महिला तथा सामाजिक मामिला समितिका माननीय सभापति किरण कुमार शाह, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका माननीय सदस्य किरणबाबु श्रेष्ठ, राष्ट्रिय योजना आयोगका सदस्य माननीय प्रा.डा. आर. पी. विच्छा, पूर्व सदस्य तथा जनसंख्याविद् डा. यज्ञ बहादुर कार्की, जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुयाल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका स्वास्थ्य सचिव डा. रोशन पोखरेल, पूर्व सचिव प्रताप कुमार पाठक, नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा. डा. लेखनाथ शर्मा, नगरपालिका महासंघका अध्यक्ष भिम प्रसाद ढुङ्गाना, त्रि.वि. जनसंख्या अध्ययन केन्द्रीय विभागका प्रमुख प्रा.डा. योगेन्द्र बहादुर गुरुङ, त्रि.वि. कीर्तिपुर, भक्तपुर, पाटन, आर.आर क्याम्पसका जनसंख्या विषयक विभागी प्रमुख एवं प्राध्यापकहरु लगायत विकास साझेदार यु.एन.एफ.पी.ए.का आवासिय संयोजक मिस वन योङ्ग हङ्ग, मानव अधिकारका क्षेत्रमा संलग्न, बालबालिका, किशोर किशोरी, युवा, ज्येष्ठ नागरिक,लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका हक र अधिकारमा संलग्न विकास साझेदार, गैरसरकारी संघसंस्था, नागरिक समाज, ,बैद्धिक वर्ग, संचार क्षेत्रको सहभागितामा विचार विमर्श भइ समाधान सहितको नयाँ नीति बन्नुपर्नेमा सबैको जोड रह्यो। यस अन्तर्क्रियामा संविधान, दिगोविकास, अन्तर्राष्ट्रिय तहमा गरिएका सन्धि सम्झौता, १६ औं आवधिक योजना, हाम्रा विभिन्न राष्ट्रिय तथा क्षेत्रीय नीतिमा उल्लेख गरिएका उदियमान मुद्दा, विश्व परिवेश, आर्थिक सशक्तीकरण सहितको सामाजिक रूपान्तरण, आन्तरिक तथा वाह्य बसाईसराई, जनसांख्यिक लाभ (Population Dividend) को समुचित प्रयोग, गरिबी न्यूनीकरण र क्षेत्रीय असमानता, बसाई सराईले सिर्जना गरेको सहरीकरण र जनघनत्वको व्यवस्थापन, न्यायपूर्ण र समतामूलक समाज निर्माण, रोजगारी, प्रविधिको व्यवस्थापन तथा उपयोग, पूर्वाधार विकासका चुनौतीहरूको समाधान, प्राकृतिक प्रकोप, जलवायु परिवर्तन लगायतका मुद्दाहरूलाई अबको जनसंख्या नीतिले समेट्नुपर्ने कुरामा जोड दिईयो । राष्ट्रिय योजना आयोगका माननीय सदस्यद्बारा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भनिए पनि जनसंख्यालाई समानरूपमा सम्बोधन हुन नसकेको, स्रोत र साधनमा समान वितरण र व्यवस्थापन समेत गर्न नसकिएको भन्दै अबको नीतिमा प्रभावशाली नेतृत्वका लागि बलियो र सशक्त संस्थागत संरचना हुनुपर्ने भनियो ।मन्त्रालयका जनसंख्या व्यवस्थापन महाशाखा प्रमुख श्री ढुण्डीप्रसाद निरौलाले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै जनसंख्याको वर्तमान अवस्था, तीन तहको सरकारको कार्यक्षेत्र र संवैधानिक व्यवस्था, राज्यको संघीय संरचना तथा राज्यको आर्थिक, सामाजिक, वातावरणीय एवं प्राविधिक पक्षहरुले

जनसंख्यामा ठूलो प्रभाव एवं परिवर्तन पारेको र यसलाई समाधान गर्न जनसंख्या सम्बन्धी नवीनतम प्रबृत्ति समेटी सहभागितात्मक प्रकृयाबाट नयाँ राष्ट्रिय जनसंख्या नीति को मस्यौदा उपर राय, सुझाव एवं पृष्ठपोषण प्राप्त गर्न यो छलफल एवं अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो।तत्कालै सातै प्रदेश र सबै स्थानीय तहका प्रतिनिधिहरु रहने गरी अन्तरक्रिया छलफल गरी पृष्ठपोषण लिइने कुरा जानकारी गराउनुभयो। यस्तै उहाँले ३४ जिल्ला र ३१९ स्थानीय तहको जनसंख्या बृद्धिदरमा गिरावट, युवाहरूको विदेश पलायन, ज्येष्ठ नागरिकहरूको सक्रिय व्यवस्थापन तथा जनसंख्याको असमान वितरण र बसाईसराईको अव्यवस्थित आवत जावत र असन्तुलित विकासका विषयमा प्रकाश पार्नुभयो राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी डा. हेमराज रेग्मीले जनसंख्याको तथ्य र तथ्याङ्कगत प्रस्तुती गर्नुभयो ।उहाँले भविष्यमा हुन जाने लैङ्गिक अनुपात, छोरीहरूको जनसंख्यामा न्यूनता, जनसंख्याको लैङ्गिक, क्षेत्रगत, प्रादेशिक एवं उमेरगत अवस्थाको बारेमा चित्रात्मक प्रस्तुती राख्नुभयो।यस्तै महाशाखाका उपसचिव श्री झविन्द्र प्रसाद पाण्डेले आफ्नो प्रस्तुतीकरण मार्फत नीति परिमार्जन गर्नुको कारण र नयाँ नीतिमा समावेश हुनुपर्ने विषयको बारेमा प्रकाश पार्नुभयो। यस अन्तर्क्रियाको सफल उपलब्धि विभिन्न ६ वटा विषयवस्तुभित्र रहेर समूह विभाजन गरी योजना आयोगकै नीति बनाउने तौरतरिकामा रहेर सुझावहरू संकलन गरिएको थियो। माननीय मन्त्री प्रदिप पौडेलले अन्तर्राष्ट्रिय तहमा भएका जनसंख्या नीति, छिमेकी मुलुकले गरेका राम्रा अभ्यासलाई समेत अध्ययन गरी पुनः निरन्तर विज्ञहरूको सानो सानो समूहमा छलफल गरी यथाशिघ्र राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न निर्देशन दिनुभयो ।

**तस्विरः**




स्यौदा सम्बन्धमा विज्ञ तथा
तथा सुझाब संकलन कार्यक्रम
tion Program with experts and
ational Population Policy
ember 2024
otel, Kathmandu
The Everest Hotel
The Everest Hotel

